# *आकाशवाणी*

## *02.03.2026*

### *प्रमुख समाचार*

- प्रधानमन्त्री नरेन्द्र मोदीले भारत र क्यानडा जीवन्त लोकतन्त्र, विश्वका दुई प्रमुख अर्थतन्त्र र साझा मूल्यमान्यतामा आधारित समाज भएको बताउनु भएको छ । दुवै देशले आज महत्वपूर्ण खनिज सहयोग, नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रवर्द्धन र सांस्कृतिक सहयोग सहित विभिन्न क्षेत्रहरूमा तीन सम्झौताहरू आदानप्रदान गरे ।
- इरान तथा इजरायल र अमेरिकाको संयुक्त सेनाले मिसाइल र ड्रोन आक्रमणको नयाँ लहर सुरू गरेपछि पश्चिम एशियामा द्वन्द तीव्र भएको छ ।
- वरिष्ठ भाडपा नेता तथा केन्द्रीय मन्त्री अमित शाहले आज दक्षिण 24 परगना जिल्लाको रायदीघीबाट भारतीय । उहाँले पश्चिम बंगालका जनता अब परिवर्तन खोजिरहेका छन् भनी जोड़ दिनुभयो।
- राष्ट्रपति द्रौपदी मुर्मुले आज राजधानीमा महिलाहरूलाई समर्पित चार योजनाहरू को शुभारम्भ गर्नुभयो ।
- आकाशवाणीको समाचार सेवा प्रभागले आज राति 9 ः30 बजे फोन- इन कार्यक्रम पब्लिक स्पिक मा अंग दानको महत्तव बारे विशेष छलफल प्रसारण गर्नेछ ।

---

### *अमित शाह परिवर्तन यात्रा*

वरिष्ठ भाजपा नेता तथा केन्द्रीय मन्त्री अमित शाहले आज दक्षिण 24 परगना जिल्लाको रायदीघीबाट भारतीय जनता पार्टीको "परिवर्तन यात्रा" को शुभारंभ गर्नुभयो। उहाँले पश्चिम बंगालका जनता अब परिवर्तन खोजिरहेका छन् भनी जोड दिनुभयो। श्री शाहले भन्नुभयो, राज्यका जनता सत्तारुढ अखिल भारतीय तृणमूल कांग्रेसको कुशासनबाट पीडित छन्। आफ्नो सम्बोधनमा, उहाँले मुख्यमन्त्री ममता बनर्जी र तृणमूल कांग्रेसको नेतृत्वमाथि तीखो हमला गर्नुभयो। वर्तमान व्यवस्थामा भ्रष्टाचार व्याप्त रहेको र राज्य सरकारले विकासलाई ओरालो लाग्न दिएको आरोप पनि श्री शाहले लगाउनुभयो। भाजपाले विधानसभा चुनाव अघि राज्यव्यापी परिचालन अभियानको एक भागको रूपमा पश्चिम बंगालका नौ विभिन्न स्थानहरूबाट परिवर्तन यात्रा निकालिने घोषणा गरेको छ ।

---

*सीतारमण - AIIB*

केन्द्रीय वित्तमन्त्री निर्मला सीतारमणले आज नयाँ दिल्लीमा AIIB एशियाली पूर्वाधार लगानी बैंक (एआईआईबी) का नयाँ अध्यक्ष Zou Jiayi सँग भेट गर्नुभयो। भेटघाटको क्रममा दुवै पक्षले भारत र एआईआईबी साझेदारीलाई सुदृढ पार्नबारे छलफल गरे। सामाजिक सञ्जालमा पोस्ट गर्दै वित्तमन्त्रालयले भनेको छ कि उनीहरूले भारतमा पूर्वाधार क्षेत्रमा प्रारम्भिक उत्पादन-पूर्व सेवाहरू मार्फत एआईआईबीसँगको सहकार्य बढाउने महत्त्वबारे पनि छलफल गरे। बैठकको क्रममा, निर्मला सीतारमणले एआईआईबी सदस्य देशहरू, विशेष गरी कम आय भएका देशहरूमा, विभिन्न नवीन वित्तपोषण र गैर-वित्तपोषण उपकरणहरू मार्फत लगानी बढाउने आवश्यकतामा जोड दिनुभयो।

---

*CC T20 विश्वकप*

क्रिकेटमा, भारतले हिजो राति कोलकाताको इडेन गार्डेनमा भएको सुपर एटको खेलमा वेस्ट इन्डिजलाई 5 विकेटले हराउँदै आईसीसी पुरुष टी-२० विश्वकपको सेमिफाइनलमा प्रवेश गरेको छ। वेस्ट इन्डिजले दिएको 196 रनको लक्ष्य पछ्याउँदै, सञ्जु स्यामसनको 50 बलमा 97 रनको अविजित इनिङ्सले 4 बल बाँकी रहँदा मेन इन ब्लूलाई लक्ष्य पछ्याउन मद्दत गर्यो। स्यामसन प्लेयर अफ द म्याच पनि घोषित भए।

भारतले अब बिहीबार मुम्बईको वानखेडे स्टेडियममा दोस्रो सेमिफाइनल खेलमा इङ्गल्याण्डको सामना गर्नेछ । त्यसअघि, बुधबार कोलकाताको इडेन गार्डेनमा हुने पहिलो सेमिफाइनल खेलमा दक्षिण अफ्रिकाले न्युजिल्याण्डको सामना गर्नेछ। यी दुवै खेलका विजेताहरूले 8 मार्चका दिन अहमदाबादको नरेन्द्र मोदी स्टेडियममा खेलिने फाइनलमा एकअर्कासँग प्रतिस्पर्धा गर्नेछन् ।

---

*एयर इन्डिया - यात्रा सल्लाह*

एयर इन्डियाले पश्चिम एशियाको वर्तमान अवस्थालाई ध्यानमा राख्दै यात्रा परामर्श जारी गरेको छ। एयरलाइन्सले संयुक्त अरब इमिरेट्स (युएई), सऊदी अरब, इजरायल र कतरबाट आउने-जाने सबै उडानहरूलाई आज दिन भरिका लागि स्थगित गरेकोछ भने युरोपका केही उडानहरू पनि रद्द गरिएका छन्। यी उडानहरूमा अमृतसरदेखि बर्मिङ्घम, दिल्लीदेखि

ज्यूरिख, दिल्लीदेखि कोपेनहेगन र बर्मिङ्घमदेखि दिल्लीका उडानहरु शामेल छन्। परामर्शमा थप भनिएको छ, उत्तर अमेरिका र युरोपका अन्य सबै उडानहरू पश्चिम एशियामा उपलब्ध हवाई क्षेत्रहरूमा वैकल्पिक मार्गहरू प्रयोग गरेर तालिका अनुसार सञ्चालन हुनेछन्, जसले उडान समय बढ्नु सक्नेछ।

---

## *अनिवार्य घोषणा सार्वजनिक बोल्नुहोस्*

आज राति 9:30 बजे हाम्रो द्विभाषी प्रत्यक्ष फोन-इन कार्यक्रम "पब्लिक स्पीक" मा, अंग दानको महत्वबारे एक विशेष परिचर्चा प्रसारित गरिनेछ। भाग लिनको लागि, आज राति 9:30 बजेदेखि टेलिफोन नम्बरहरू 011-2331-0481, 011-2371-7117, 011-2371-7106 र 0112331-4444 मा डायल गरेर श्रोता हरुले प्रश्न सोध्न सक्नु हुनेछ।

वैकल्पिक रूपमा, तपाई आफ्ना प्रश्नहरू व्हाट्सएप मार्फत 92890-94044 नम्बरमा पठाउन सक्नुहुन्छ वा हैशटैग आस्क-ए.आई.आर. प्रयोग गरेर X मा आफ्ना प्रश्नहरू पोस्ट गर्न सक्नुहुन्छ ।

---

## *पश्चिम एशिया युद्ध*

इरान तथा इजरायल र अमेरिकाको संयुक्त सेनाले मिसाइल र ड्रोन आक्रमणको नयाँ लहर सुरु गरेपछि पश्चिम एशियामा द्वन्द तीव्र भएको छ। सर्वोच्च नेता अयातुल्लाह अली खामेनी र शीर्ष इरानी अधिकारीहरुको हत्यापछि इरान र इरानी समर्थित मिलिशियाले संयुक्त अरब इमिरेट्स, कुवेत, बहराइन र अन्य खाडी देशहरु लगायतका खाडी देशहरुमा अमेरिकी सम्पत्तिहरुमाथि आक्रमण गर्न जारी राखेका छन्। अर्कोतर्फ, इजरायल र संयुक्त राज्य अमेरिकाले इरानमा रहेका लक्ष्यहरूमा बम विस्फोट गराएका छन्।

बेलायत, फ्रान्स र जर्मनीले इरानको आक्रमणको प्रतिकार गर्न अमेरिकासँग काम गर्न तयार रहेको बताएका छन् र खाडी देशहरूको समूहले इरानी आक्रमणको जवाफ दिने अधिकार सुरक्षित राखेको बताएको छ। बढ्दो तनावको बीचमा, शीर्ष इरानी सुरक्षा अधिकारी अली लारिजानीले इरानले संयुक्त राज्य अमेरिकासँग वार्ता नगर्ने वाचा गरेका छन्। इरानका विदेशमन्त्री अब्बास अराघचीले हालैको अमेरिकी हवाई आक्रमणको कडा निन्दा गरेका छन् जसले इरानका सर्वोच्च नेता अली खामेनीको हत्या गरेको छ।

---

## *मोदी - कार्नी वार्ता*

भारत र क्यानडाले आज महत्त्वपूर्ण खनिज सहयोग, नवीकरणीय ऊर्जाको प्रयोगलाई प्रवर्धन र सांस्कृतिक सहयोग सहित विभिन्न क्षेत्रहरूमा तीन सम्झौताहरू आदानप्रदान गरे।

प्रधानमन्त्री नरेन्द्र मोदी र क्यानाडा का प्रधानमन्त्री मार्क कार्नीले आज नयाँ दिल्लीको हैदराबाद हाउसमा प्रतिनिधिमण्डलस्तरीय वार्ता गरे। वार्ताको क्रममा, दुवै नेताहरूले भारत-क्यानडा रणनीतिक साझेदारीका विविध क्षेत्रहरूमा हालसम्म हासिल भएको प्रगतिको समीक्षा गरे। दुई नेताहरूले व्यापार र लगानी, ऊर्जा, महत्वपूर्ण खनिज, कृषि, शिक्षा, अनुसन्धान, र नवप्रवर्तन, र जनताहरु बीच सम्बन्ध जस्ता प्रमुख स्तम्भहरूमा जारी सहयोगको पनि समीक्षा गर्दै क्षेत्रीय र विश्वव्यापी विकासका बारेमा पनि विचार आदानप्रदान गरे। क्यानडाका प्रधानमन्त्री गत महिनाको 27 तारिखदेखि भारतको चार दिने भ्रमणमा हुनुहुन्छ।

---

## *प्रधानमन्त्री-भारतीय-क्यानडा व्यापार मञ्च*

प्रधानमन्त्री नरेन्द्र मोदीले भारत र क्यानडा जीवन्त लोकतन्त्र, विश्वका दुई प्रमुख अर्थतन्त्र र साझा मूल्यमान्यतामा आधारित समाज भएको बताउनु भएको छ। आज नयाँ दिल्लीमा भारत-क्यानडा सीईओ फोरममा आफ्नो टिप्पणी साझा गर्दै श्री मोदीले, लोकतन्त्र, विविधता र विकासले दुवै राष्ट्रहरूलाई प्राकृतिक साझेदारको रूपमा अगाडि बढ्न प्रेरित गर्दछ, भन्नुभयो।

उहाँले भन्नुभयो, आज भारत विश्वको सबैभन्दा तीव्रताका साथ बढ्दै गरेको प्रमुख अर्थतन्त्र हो र यो रुपान्तरणको पछाडि बलियो घरेलु माग, युवा जनसंख्या, ठूलो मात्रामा लगानी र डिजिटल प्रविधिको बल छ। टी-२० क्रिकेटमा जस्तै, छिटो निर्णय, निडर शॉट्स र म्याच जिताने साझेदारीको साथ, भारत र क्यानडाले भविष्यलाई मिलेर आकार दिनेछन्, प्रधानमंत्रीले भन्नु भयो।

---

## *फिनल्याण्ड राष्ट्रपति-भ्रमण*

फिनल्याण्डका राष्ट्रपति डा. अलेक्ज्याण्डर स्टब यस महिनाको 4 तारिखदेखि भारतको चार दिने राजकीय भ्रमणमा आउनुहुनेछ। राष्ट्रपति स्टब नयाँ दिल्लीमा हुने ११ औं रायसिना संवाद २०२६ मा प्रमुख अतिथि र मुख्य वक्ता हुनुहुनेछ।

---

***नेपाल-फागु होली***

आज पहाड तथा पार्वत्य जिल्लाहरूमा फागु होली पर्व धुमधामका साथ मनाइँदैछ।

नेपाली पात्रो अनुसार फागुन महिनाको पूर्णिमाको दिन मानिसहरूले होलिका दहनको अनुष्ठान गर्छन् । परम्परागत रूपमा वसन्तको आगमन मनाउँदै, मानिसहरूले एकअर्कामाथि रङ लगाउँछन् र रंगीन पानी छर्कन्छन् । मानिसहरू परम्परागत संगीतमा गाउन र नाच्न भेला हुन्छन्। फागु होलीको अवसरमा नेपालमा आज सार्वजनिक बिदा हो।

---

***दिल्ली - राष्ट्रपति योजना***

राष्ट्रपति द्रौपदी मुर्मुले आज राजधानीमा महिलाहरुलाई समर्पित चार योजनाहरु सुरु गर्नुभयो। यी योजनाहरूमा लखपति बिटिया योजना, सहेली पिंक स्मार्ट कार्ड, मेरी पुंजी मेरा अधिकार, र निःशुल्क एलपीजी सिलिन्डर योजना समावेश छन्। यस अवसरमा बोल्दै राष्ट्रपति मुर्मुले महिलाहरू समाजको अभिन्न स्तम्भ भएको बताउनुभयो र उहाँले महिलाहरुलाई सम्मान र सशक्तिकरण गर्नु सभ्य राष्ट्रको वास्तविक पहिचान हो Lift Restache n भन्ने कुरामा जोड दिनुभयो। राष्ट्रपति मुर्मुले केन्द्र (23) BYT सरकारले प्रधानमन्त्री उज्वला योजना, बेटी बचाओ बेटी पढाओ र प्रधानमन्त्री मातृ वंदना योजना जस्ता परिवर्तनकारी पहलहरू मार्फत महिला सशक्तिकरणको दिशामा काम गरिरहेको बताइन्। भन्नुभयो।

---